# आकाशवाणी समाचार- नेपाली

मितिः २१ अक्तूबर २०२५

समयः ७.२५ - ७.३५ बजे *(अवधिः १० मिनट)*

**मुख्य समाचार**

- प्रधानमंत्री नरेन्द्र मोदीले भन्नुभएको छ- भारतले अब आफ्नो अधिकांश रक्षा उपकरणहरुको उत्पादन घरेलू स्तरमा गर्दछ। पछिल्लो एक दशकमा रक्षा उत्पादन तीन गुना बढ़ेर डेढ़ लाख करोड़ रुपये पुगेको छ।

- राष्ट्रपति द्रौपदी मुर्मु चार दिनको भ्रमणमा आज केरल जानुहुनेछ।

- बिहारमा विधानसभा चुनावको पहिलो चरणको नामांकन फिर्ता लिने समय सीमा समाप्त भएपछिए 121 विधानसभा निर्वाचन क्षेत्रका लागि कुल 1 हजार 3 सय 14 उम्मेदवारहरू चुनावी मैदानमा रहेका छन्।

- प्रसिद्ध हिन्दी फिल्म अभिनेता गोवर्धन असरानीको लामो समयदेखिको विरामी पछि ८४ वर्षको उमेरमा निधन भएको छ।

- फ्रांसमा आज देखि सुरु भईरहेको फ्रेंच ओपन बैडमिंटन टूर्नामेंटमा लक्ष्य सेनए चिराग शेट्टी तथा सात्विकसाईराज रंकीरेड्डीको डबल्स जोड़ी सहित भारतका शीर्ष बैडमिंटन खेलाड़ीहरुले आफ्नो अभियानको थालिनी गर्नेछन्।

**प्रधानमन्त्री-गोवा**

प्रधानमन्त्री नरेन्द्र मोदीले भन्नुभयो कि भारतको रक्षा उत्पादन विगत एक दशकमा तीन गुणा बढेर ₹१५०,००० करोड पुगेको छ, र २०१४ देखि देशमा ४० भन्दा बढी युद्धपोत र पनडुब्बीहरू निर्माण भइसकेका छन्। श्री मोदीले भन्नुभयो कि भारतले अब आफ्नो अधिकांश रक्षा उपकरणहरू स्वदेशमै उत्पादन गर्छ, औसतमा हरेक ४० दिनमा नौसेना बेडामा एउटा नयाँ युद्धपोत वा पनडुब्बी सामेल हुन्छ। भारतीय सशस्त्र बलहरूसँग दिवाली मनाउने आफ्नो वार्षिक परम्परालाई निरन्तरता दिँदै, प्रधानमन्त्रीले गोवा र कारवार तटमा भारतको पहिलो स्वदेशी रूपमा निर्मित विमान वाहक आईएनएस विक्रान्तमा नौसेना कर्मचारीहरूसँग उज्यालोको पर्व मनाउनु भयो।

**राष्ट्रपति केरल भ्रमण**

राष्ट्रपति द्रौपदी मुर्मु चार दिनको भ्रमणमा भोली केरल जानुहुनेछ। राष्ट्रपतिले बुधवार शबरीमला मंदिरमा दर्शन गर्नुहुनेछ।उहाँले विहिवार तिरूअनंतपुरमको राजभवनमा पूर्व राष्ट्रपति के आर नारायणनको प्रतिमाको अनावरण गर्नुहुनेछ। राष्ट्रपति श्री नारायण गुरूको महासमाधि शताब्दी समारोहमा पनि शामेल हुनुहुनेछ। राष्ट्रपति एर्णाकुल्लममा सेंट टेरेसा कॉलेज र पालामा सेंट टॉमस कॉलेजको कार्यक्रमहरुमा पनि शामेल हुनुहुनेछ।

**बिहार**

बिहारमा विधानसभा चुनावको पहिलो चरणको नामांकन फिर्ता लिने समय सीमा समाप्त भएपछिए 121 विधानसभा निर्वाचन क्षेत्रका लागि कुल 1ए314 उम्मेदवारहरू चुनावी मैदानमा रहेका छन्।यस चरणमा 61 उम्मेदवारहरुले आफ्नो नामांकन फिर्ता लिए। 18 जिल्लामा जम्मा 1ए690 जना उम्मेदवारले नामांकन पत्र दर्ता गराएका छन्ए यसमध्ये 1ए375 वैध भेट्टाएको छ।

पहिलो चरणको मतदान आगामी महिनाको 6 तारिखमा हुनेछ। यसैबीचए 20 जिल्लाका 122 निर्वाचन क्षेत्रमा हुने दोस्रो तथा अन्तिम चरणको विधानसभा चुनावको लागि नामाकन दर्ता गर्ने अन्तिम तारिख समाप्त भएको छ। नामांकन पत्रहरुको जांच आज हुनेछ र उम्मीदवार 23 अक्टूबर सम्म आफनो नामांकन फिर्ता लिन सक्नेछन्।

**मुंबई-मध्य रेलवे विशेष रेलगाड़ियां**

मध्य रेलवेले आगामी छठ पूजा र त्योहारहरुको अवधि यात्रिहरुको सुविधाको लागि मुंबईको लोकमान्य तिलक टर्मिनस र वाराणसी बीच 12 अतिरिक्त विशेष रेलगाड़िहरु संचालन गर्नेछ ।मध्य रेलवेको प्रेस विज्ञप्ति अनुसार, विशेष रेलगाड़ी संख्या 04225 यस महीनाको 14 तारीखदेखि संचालन गरिनेछ जो अघिल्लो महीनाको 18 नवंबरसम्म चल्नेछ । यो रेलगाड़ी प्रत्येक मंगलवार साँझ चार बजेर 55 मिनटमा मुंबईको लोकमान्य तिलक टर्मीनसबाट प्रस्थान गर्नेछ र तेस्रो दिन बिहान 02 बजेर 05 मिनटमा वाराणसी पुग्नेछ ।

**अन्तर्राष्ट्रिय दीपावलीको शुभकामना**

भारतले हिज उज्यालोको पर्व दीपावलीलाई हर्षोल्लास र उत्साहका साथ मनाए भने विश्वभरिका नेताहरूले हार्दिक दीपावलीको शुभकामना व्यक्त गरे। अमेरिकी राष्ट्रपतिको कार्यालय ह्वाइट हाउसले दीपावलीलाई अन्धकारमाथि प्रकाशको विजयको रूपमा वर्णन गर्दै एक विज्ञप्ति पनि जारी गरे। राष्ट्रपति डोनाल्ड ट्रम्पले दीपावली मनाउने सबै अमेरिकीहरूलाई शुभकामना व्यक्त गर्दै भन्नु भयो दीपावली आशा, नवीकरण र खराबीमाथि असलको विजयको अनन्त सम्झना हो। यो पर्व सबैमा मानसिक शान्ति, समृद्धि र शान्ति ल्याउँने वहाँले आशा व्यक्त गर्नुभयो ।अमेरिकी संघीय अनुसन्धान ब्यूरो (एफबीआई) का निर्देशक काश पटेलले पनि दीपावलीको शुभकामना व्यक्त गर्नुभयो ।अमेरिकास्थित भारतीय दूतावासले यस अवसरमा सबैलाई स्वास्थ्य, खुशी र समृद्धिको कामना गरेको छ।

**असरानी निधन**

प्रसिद्ध हिन्दी फिल्म अभिनेता गोवर्धन असरानीको लामो बिरामी पछि हिजो निधन भयो। उहाँ ८४ वर्षको हुनुहुन्थ्यो। उहाँ असरानीको नामले लोकप्रिय हुनुहुन्थ्यो।अभिनेताका भतिज अशोक असरानीले बताए अनुसार असरानीले हिजो साँझ ४ बजेतिर अन्तिम सास लिनुभयो।शोलेमा जेलरको भूमिकाका लागि प्रसिद्ध असरानीले चुपके चुपकेए भूल भुलैयाए धमाल तथा बंटी और बबली २ जस्ता हिट फिल्महरुमा अभिनय गर्नुभएको छ।मूल रूपले राजस्थानको जयपुरमा रहने असरानीले भारतीय सिनेमामा उल्लेखनीय यात्रा शुरू गर्न अघि पहिले आफ्नो गृहनगरको सेंट जेवियर्स स्कूलमा शिक्षा प्राप्त गर्नुभएको थियो। पांच दशक भन्दा अधिकको करियरमा असरानीले हिंदी सिनेमामा विशेष रूपले हास्य कलाकारको रूपमा महत्वपूर्ण योगदान दिनु भएको छ।

**अमरीका-ऑस्ट्रेलिया समझौता**

अमेरिका र अष्ट्रेलियाले महत्वपूर्ण खनिज पदार्थ र रक्षा सहयोगमा केन्द्रित ८ अरब पचास करोड़ डलरको प्रमुख सम्झौतामा हस्ताक्षर गरेका छन्।अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र अष्ट्रेलियाका प्रधानमन्त्री एंथनी अल्बानीज बीच ह्वाइट हाउसमा भएको एक उच्चस्तरीय बैठकमा यी सम्झौताहरूलाई औपचारिक रूप दिईयो ।यो सम्झौता महिनौंको वार्तापछि भएका छन् र यसको उद्देश्य दुई सहयोगीहरू बीच आपूर्ति-श्रृंखला सुरक्षाए ऊर्जा स्वतन्त्रता र सैन्य सहयोगलाई बढाउन हो।

**ट्रम्प.चीन टैरिफ**

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले चीनलाई कडा चेतावनी दिँदै भन्नुभएको छ यदि उसले अमेरिकासित नयाँ व्यापार सम्झौता गरेन भने एक नोभेम्बर देखि उसले चीनमाथि १५५ प्रतिशतसम्मको टैरिफ लगाउनेछ।ह्वाइट हाउसमा अष्ट्रेलियाका प्रधानमन्त्री ऐंथनी अल्बानीज़सितको बैठकमा राष्ट्रपति ट्रम्पले चीनले पहिले नै अमेरिकामा हुने निर्यातमा 55 प्रतिशत शुल्क लगाइसकेको र यदि कुनै सम्झौता नभएमा यो दर तीव्र गतिमा बढ्न सक्ने बताउनु भयो।अमेरिकी राष्ट्रपतिले दक्षिण कोरियामा चीनका राष्ट्रपति शी जिनपिङसित भेट्ने आफ्नो कार्यक्रमको पुष्टि गर्दै निष्पक्ष र पारस्परिक रूपमा लाभकारी परिणामको आशा व्यक्त

गर्नुभयो।यसअघिए राष्ट्रपति ट्रम्पले ट्रुथ सोसलमा एक पोस्टमाए चीनबाट आउने सामानहरूमा विद्यमान शुल्क अतिरिक्त आगामी महिनाको एक तारिख देखि 100 प्रतिशत अतिरिक्त टैरिफ लगाउने घोषणा गर्नुभएको थियो।

**जापान-महिला प्रधानमंत्री**

जापान की सत्तारूढ़ लिबरल डेमोक्रेटिक पार्टी-एलडीपी र जापान इनोवेशन पार्टी -जेआईपीले एक गठबंधन समझौतालाई औपचारिक रूप दिएको छ जसले गर्दा एलडीपी नेता सानेइ ताकाइचीलाई देशको प्रथम महिला प्रधानमंत्री बनने मार्ग प्रशस्त भएको छ ।हिज साँझ एलडीपी नेता सानेइ ताकाइची र जापान इनोवेशन पार्टीका नेता हिरोफुमी योशिमुरा बीच संसदमा भएको बैठकको अवधि समझौताको आधिकारिक घोषणा गरिएको थियो । दुवै दलहरुले आर्थिक र राजकोषीय सुधार, विदेश मामिला , राष्ट्रीय सुरक्षा र ऊर्जा सहित कयौ नीतिगत क्षेत्रहरुमा सहयोगको संकल्प व्यक्त गरे । यो गठबंधन महत्वपूर्ण समयमा भएको छ जब सांसदले आज मंगलवार नयाँ प्रधानमंत्री चुननका लागि मतदान गर्नेछ । एलडीपी संसदमा सबैभन्दा ठूलो पार्टी बनेको छ जबकी यस महिनाको आरंभमा ताकाइचीको पार्टीले नेतृत्व संभाले को केही दिनहरु पछि नै उहाँको ही दिनों कनिष्ट सहयोगी कोमेइतोले अचानक गठबंधन छोडे पछि पार्टीले आफ्नो बहुमत गुमाएका थिए । जापान इनोवेशन पार्टीको साथ नयाँ साझेदारीबाट लिबरल डेमोक्रेटिक पार्टी, स्थिर सरकार बनाउनका लागि आवश्यक संख्या बल हासिल गर्न नाजिक पुगिसकेको छ । यदि ताकाइची निर्वाचित भए उहाँ जापान की प्रथम महिला प्रधानमंत्री बन्नुहुनेछ ।

**अमरीका- शटडाउन**

अमरीकी सीनेटमा डेमोक्रेट्सले रिपब्लिकनको अस्थायी वित्त पोषण विधेयकलाई 50 को मुकाबिला 43 मतहरुबाट एक पल्ट फेरी अघि बढ़नदेखि रोकेको छ। शटडाउनको कारण स्वास्थ्य सेवा सब्सिडीलाई लिएर दुवै दलहरु बीच गतिरोध जारी छ । यसको असर संघीय कर्मचारिहरुमाथि परेको छ । सीनेटका कर्मचारिहरुले बताए अनुसार उनीहरुलाई शेष शटडाउन अवधिको लागि वेतन दिइने छैन र अमरीकी परमाणु भंडारको हेरचाह गर्ने संघीय एजेंसीहरुले आफ्नो अधिकांश कर्मचारिहरुलाई छुट्टी दिएका छन् ।यो विधेयक अहिलेसम्म हर प्रयासमा 60 मतहरुको सीमासम्म पुग्न विफल बनेको छ र यस कुराको कुनै संकेत छैन की आगामी परिणाम अलग हुनेछ । आशा गरिएको छ सीनेटमा सरकारले फेरी विधेयकमाथि मतदान गर्नेछ ।

**फ्रेन्च ओपन - ब्याडमिन्टन**

भारतका शीर्ष ब्याडमिन्टन खेलाडीहरू, जसमा लक्ष्य सेन र चिराग शेट्टी र सात्विकसाईराज रन्किरेड्डीको डबल्स जोडीले फ्रान्सको सेसन-सेभिग्नेमा भोलिदेखि सुरु हुने फ्रेन्च ओपन ब्याडमिन्टन प्रतियोगितामा आफ्नो अभियान सुरु गर्नेछन्। पुरुष एकलमा, पेरिस २०२४ सेमिफाइनलमा पुग्ने लक्ष्य सेनले आयरल्याण्डका न्हाट न्गुएनसँग प्रतिस्पर्धा गर्नेछन् भने युवा आयुष शेट्टीले जापानका कोकी वातानाबेसँग प्रतिस्पर्धा गर्नेछन्।पुरुष युगलमा, चिराग र सात्विकसाईराजले विश्व नम्बर छ मुहम्मद रियान अर्दियान्टो र इन्डोनेसियाका रहमत हिदायतसँग प्रतिस्पर्धा गर्नेछन्।महिला एकलमा, अनमोल खरबले शीर्ष वरीयता प्राप्त कोरियाकी एन से-यंग, अनुपमा उपाध्यायले चौथो वरीयता प्राप्त चीनकी हान यु र उन्नती हुड्डाले मलेसियाकी करुपाथेवान लेत्शानासँग प्रतिस्पर्धा गर्नेछन्।पुरुष युगलमा पृथ्वी कृष्णमूर्ति रोय र साई प्रतीकको जोडीले प्रतिस्पर्धा गर्नेछन् भने महिला युगलमा कविप्रिया सेल्वम र सिमरन सिंह तथा पाण्डा दिदीबहिनी रुतुपर्णा र श्वेतापर्णा पाण्डाबीच पहिलो चरणको भिडन्त हुनेछ।

**एशियाली खेल**

बहरीनको मनामामा आयोजित एशियाली युवा खेल 2025 मा भारतले कुश्तीको पारंपरिक रूप कुराशमा थप दुई पदक जीतेको छए यसका साथै पदकहरुको संख्या तीन भएको छ। यस महीनाको 31 तारीख समाप्त हुने एशियाली युवा खेलहरुमा कुल 222 भारतीय एथलीटहरुले भाग लिईरहेका छन्।

****** ० ******